# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**विज्ञापन कारोबारलाई पारदर्शी बनाऔं**

**सरकारी निकायले विज्ञापन गर्दा:**
-संचारमाध्यमको बीलको आधारमा भुक्तानी गरौं,
-विज्ञापन एजेन्सीमार्फत् विज्ञापन प्रकाशन/प्रसारण गरेको भए संचारमाध्यमको बीलको प्रतिलिपि संलग्न गरी एजेन्सीको सेवा शुल्क खुल्ने बीको आधारमा मात्र भुक्तानी गरौं,
-सरकारी विज्ञापनको भुक्तानी गर्दा कर कट्टा गरी बाँकी रकमको तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं ।
-विज्ञापन बोर्डमा सूचीकृत संचारमाध्यम तथा विज्ञापन एजेन्सी सँग मात्र विज्ञापनको कारोबार गरौं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**



वर्ष ३६ | अंक २४९ | बुटवल | २०८१ भदौ १९, गते बुधबार | नेपाल संवत ११४४ | Wednesday Sept.04 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# दसैंमा नयाँ नोट नपाइने

बुटवल । यसपालिको दसैंमा बैंकबाट नयाँ नोट सटही गर्न नपाइने भएको छ । हरेक वर्ष चाडपर्व लक्षित नयाँ नोट वितरण गर्दै आएको नेपाल राष्ट्र बैंकले यस पटक सुकिला नोट मात्रै चल्तीमा ल्याउने भएको हो ।

राष्ट्र बैंकले विगतका वर्षमा दसैंमा नयाँ नोट वितरण गर्न ३/४ महिनाअगावै छपाइ गरेर भण्डार गर्ने गरेको थियो । तर, यस पटकको दसैंलक्षित नयाँ नोट वितरण नगर्ने निर्णय भएको राष्ट्र बैंकका सह-प्रवक्ता डा. डिल्लीराम पोखरेलले बताए ।

'यस पटक दसैंमा नयाँ नोट वितरण हुँदैन । डिजिटल कारोबारलाई प्रोत्साहन गर्न र नोट छपाइ खर्च कम गर्ने यस्तो निर्णय गरिएको हो,' राष्ट्र बैंकका सह-प्रवक्ता पोखरेलले भने-'आवश्यक हुनेलाई राष्ट्र बैंकले बजारबाट फिर्ता आएकामध्येबाट सुकिला नोट दिन्छ ।'

दसैंमा साना तथा ठूला दरका नोट आवश्यक हुनेलाई एक वर्षअघि बजारमा पठाएर फिर्ता आएका सुकिला नोट बैंकमार्फत् सटही व्यवस्था मिलाइने उनको भनाइ छ ।

राष्ट्र बैंकले यस पटकदेखि दसैंमा नयाँ नोट सटही चलन बन्द गरेसँगै आगामी वर्षमा समेत यसले निरन्तरता पाउन सक्ने उनको भनाइ छ ।

विगतमा राष्ट्र बैंकले प्रतिव्यक्ति १८ हजार ५ सय र प्रतिबैंक ६ करोड १० लाख रुपैयाँ ५, १०, २०, ५० र सय रुपैयाँका नोट सटही सुविधा दिन्थ्यो । साथै, नयाँ नोटसँगै राष्ट्र बैंकले सुकिला नोटलाई पनि सटही सुविधा दिने गरेको छ ।

सुकिला नोट सटहीलाई साना र ठूला दरको सीमा तोकेर सटही सुविधा दिन सकिने उनले बताए ।

# सहकारी छानबिन समितिको म्याद थप

बुटवल । सहकारी संस्थाको बचत रकम दुरुपयोग सम्बन्धमा छानबिन गर्न बनेको संसदीय विशेष समितिको म्याद १५ दिन थप भएको छ । मंगलबार बसेको प्रतिनिधिसभा बैठकमा समितिका सभापति सूर्यबहादुर थापाले १५ दिन म्याद थपको प्रस्ताव राखेका थिए । उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको हो ।

१५ जेठमा गठन भएको उक्त संसदीय समितिको अवधि ३ महिनाका लागि तोकिएको थियो । पहिलो बैठक बसेको मितिले ३ महिना कायम हुने उक्त समयावधि आगामी भदौ २२ गते सकिँदै थियो ।

मंगलबारको बैठकमा समिति सभापति थापाले समितिले सार्वजनिक बिदाको दिन, कार्यालय समयबाहेक बिहान, बेलुका र मध्यरातिसम्म काम गरिरहेको जानकारी प्रतिनिधिसभा बैठकमा गराएका छन् ।

# सञ्चारमन्त्रीलाई कारबाही गर्न चौतर्फी माग



बुटवल । सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङलाई कारबाही गर्न एकजना प्रतिनिधिसभा सदस्य र पूर्वप्रहरी प्रमुखहरूले प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष माग गरेका छन् । सांसद शंकर भण्डारी र पूर्वप्रहरी संगठन प्रमुख मञ्चले मंगलबार छुट्टाछुट्टै विज्ञप्ति जारी गर्दै मन्त्री गुरुङले प्रहरी महानिरीक्षकको जिब्रो थुत्नु पर्ने भनी दिएको अभिव्यक्तिप्रति ध्यानाकर्षण भएको जनाउँदै कारबाही माग गरेका हुन् ।

'प्रधानमन्त्रीसमक्ष मन्त्री गुरुङको असंवेदनशील अभिव्यक्तिलाई संज्ञानमा लिई आवश्यक कारबाही गर्नु हुन पनि अनुरोध गर्दछौं ।'-विज्ञप्तिमा भनिएको छ ।

आइतबार पोखरामा पत्रकार सम्मेलनमा मन्त्री गुरुङले संघीय प्रहरी ऐन ल्याउन प्रहरी महानिरीक्षकले अस्वीकार गरेको आरोप लगाउँदै 'आइजीपीको जिब्रो थुत्नुपर्ने' अभिव्यक्ति दिएका थिए । उक्त अभिव्यक्तिको विरोध भइरहेको छ ।

पदीय हैसियत नै बिर्सिएर मन्त्री गुरुङले दिएको अभिव्यक्तिले उनी प्रहरीको नजरमा गिरेको टिप्पणी पूर्व प्रहरी प्रमुखहरूले गरेका छन् ।

'अभिव्यक्ति स्वतन्त्रताको बर्खिलाप हुने गरी सार्वजनिक कार्यक्रममा एक विशिष्ट श्रेणीका राष्ट्रसेवक नेपाल प्रहरीका प्रहरी महानिरीक्षकको जिब्रो थुत्नु पर्ने जस्ता शब्दहरूको प्रयोग गर्नु भएकोमा यस मञ्चको गम्भीर ध्यानाकर्षण भएको छ ।'-विज्ञप्तिमा भनिएको छ ।

मन्त्री गुरुङबाट प्रहरी महानिरीक्षकविरुद्ध अमर्यादित र अशोभनीय शब्दावलीको जुन प्रयोग भयो त्यसले उनकै राजनीतिक कद घटाएको र नेपाल प्रहरीको नजरबाट गिरेको उल्लेख गरेका छन् ।

मञ्चले मन्त्री गुरुङलाई तत्काल उक्त बचन फिर्ता लिइ नेपाल प्रहरी संगठन र प्रहरी महानिरीक्षकसँग क्षमायाचना गर्न र आगामी दिनमा सुरक्षा निकाय उपर टिप्पणी गर्नु पूर्व सचेत रहन आग्रह गरेको छ ।

मञ्चले प्रहरी संगठन र प्रमुखलाई यस्ता प्रसंगमा अविचलित रही राष्ट्र र आम नागरिकको सेवामा अविछिन्न लागि रहन पनि मञ्चले ऐक्यबद्धतासहित अपिल गरेको छ ।

» बाँकी ३ पेजमा

# पढ्दै, रमाउँदै, कमाउँदै बेलहियाका विद्यार्थी

**मोहम्मद हबिब**

*भैरहवा*




रूपन्देहीको सिद्धार्थनगर-१ बेलहियामा अवस्थित बेलहिया माध्यमिक विद्यालयका विद्यार्थी पढाइसँगै अतिरिक्त क्रियाकलापमा रमाउँदै आएका छन् ।

विद्यार्थीलाई स्वरोजगार बन्नुपर्छ भन्ने सिकाइका लागि विद्यालयमै "पढ्दै, कमाउँदै, रमाउँदै" कार्यक्रम सञ्चालन गरिएको छ । जसअन्तर्गत कक्षा ६ देखि कक्षा ९ सम्मका विद्यार्थीहरुलाई प्रत्येक महिनामा एउटा सीप सिकाउने र त्यसबाट आयमूलकतर्फ जोड्दै आर्जन भएको रकम विद्यार्थीलाई हस्तान्तरण गरिन्छ ।

प्रत्येक महिना एउटा सीपमूलक तालिम दिइ विद्यार्थीहरुले पढाइसँगै सीपलाई आयतर्फ कसरी जोड्न सकिन्छ भन्नेतर्फ जोड दिएर अतिरिक्त क्रियाकलापअन्तर्गत सामूहिक रुपमा तालिम दिने गरेको विद्यालयकी प्राचार्य विना भण्डारी पाठकले बताइन ।

यो कार्यक्रमअन्तर्गत विद्यार्थीहरुले आँपको मुरब्बा बनाउन सिके र केही बजारमा पनि बेचे । यस्तै अचार बनाउने, च्याउ खेती, फुरनदाना बनाउने, चुरापोते बनाउने, टपरी बुन्ने, फूलका बिरुवा उमार्ने, फुड फेस्टिबल, अमला केण्डी, मैनबत्ती, मेहदी लगाउने जस्ता धेरै जीवनोपयोगी तालिमहरु गरेका छन् ।

कार्यक्रमका लागि शिक्षकले आवश्यकताका आधारमा योजना बनाइ आफैं लगानी गर्छन्, केही विद्यार्थीहरुले पनि ऐच्छिक रुपमा लगानी गर्छन् । लगानीबाट उत्पादनमा जोड्दै त्यसलाई बिक्रीतर्फ लगिन्छ, जसबाट हुने आम्दानीले लगानी कर्ताको खर्च दिइ बाँकी मुनाफालाई विद्यार्थीहरुमा बाँड्ने गरिएको प्राचार्य पाठकले बताइन ।

सीप सिकाएपछि विद्यार्थीहरुले उत्पादन गरेका वस्तुहरु बिक्री गरी उनीहरुलाई आयआर्जन गर्न सिकाउने उद्देश्यले यस्ता कार्यक्रमहरु सञ्चालन गरिएको प्राचार्य पाठक बताउँछिन् । कार्यक्रममा सय बढी विद्यार्थीहरु समावेश हुन्छन्, उनीहरुले गर्न सक्ने सबै काम आफैं गरेपनि शिक्षक र बाहिरी प्रशिक्षकको सहाकार्यले तालिम दिइने गरिन्छ ।

यसका अलावा नियमित शिक्षातर्फ पनि विद्यार्थीहरुमा जोड दिइने गरिन्छ । साढे चारसय बढी विद्यार्थी अध्ययनरत विद्यालयलाई नमूना विद्यालय बनाउनेतर्फ प्राचार्य पाठक लागेकी छन् । करीब ३० वर्षको लामो शिक्षण यात्रामा रहेकी पाठक प्राचार्य भएको भने धेरै समय भएको छैन । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कसरी वृद्धि गर्न सकिन्छ भन्ने चिन्ताले पिरोलिएकी उनले विद्यालयको नेतृत्व भने अहिले मात्रै पाएकी छन् । महिला भएर पनि पुरुष सरह डटिने पाठक यसअघि एक निजी विद्यालयको प्रिन्सिपलको जिम्मेवारी कुसलतापूर्वक निर्वाह गरिसकेकी छन् । बालमनोविज्ञान र शिक्षण सीपमा राम्रो दख्खल भएकी उनी सरकारीस्तरका विद्यालयहरुको भौतिक तथा शैक्षिक उन्नतिका लागि चुनौती भने धेरै रहेको बताउँछिन् ।

चुनौतीका बिचमा पनि विद्यालयको भौतिक पूर्वाधार सुधारका क्षेत्रमा धेरै प्रगति भएको प्राचार्य पाठकले बताइन् । 'विद्यालयमा सुरुमा प्रवेश गर्दाको अवस्था देख्दा म आत्तिएकी थिए, रुन मन लाग्ने अवस्था थियो, कहाँबाट सुधार सुरु गर्ने, कसरी गर्ने अन्यौलता थियो । विद्यार्थीहरुको पोशाक देखि उनीहरुको गतिविधि समेत फरक थियो,' उनी भन्छिन्-'तर आज हेर्दा एसईईको नतिजा राम्रो दिन नसके पनि विद्यालयभित्र धेरै सुधारका कामहरु भएका छन् । आशा छ अब शैक्षिक गुणस्तर विस्तारै देखिने गरी नतीजा आउनेछ ।'

आफूले विद्यालयको जिम्मेवारी लिएदेखि विभिन्न संघसंस्था, स्थानीय व्यक्तिहरु, समूहहरुसँग हारगुहार गरेर अहिले विद्यालयको रङ्गरोगन, मञ्च निर्माण, कक्षाकोठाको सुन्दरीकरणदेखि लिएर बालबालिका खेल्नको लागि विभिन्न मनोरञ्जनका साधनहरु, विद्यार्थीहरुका लागि विद्यालय परिषरभित्र सिमेन्टीका बेन्च निर्माणलगायतका भौतिक संरचनामा धेरै सुधार गरेको विना बताउँछिन् । स्थानीयको राम्रो सहयोगका कारण विद्यालय हेर्न लायकको भएको विनाको भनाइ छ । 'अझैं धेरै कुराहरु सुधार गर्नु पर्ने छ ।'- उनी भन्छिन् ।

विद्यालयमा विद्यार्थीहरुका लागि समकक्षी शिक्षण सिकाइ अभ्यास गरिएको प्राचार्य पाठकले बताइन् । कक्षामा उत्कृष्ट विद्यार्थीबाट पढाइमा कमजोर विद्यार्थीहरुलाई सिकाइ गराउने पद्धती समकक्षी सिकाइ हो । आफ्ना साथीहरुबिच छलफल गरी अध्ययन गर्दा कमजोर विद्यार्थीहरुले सजिलै सिक्न सक्ने उनी बताउँछिन् ।

यस्तै विद्यालयमा कमजोर विद्यार्थीहरुलाई विषेश कक्षा सञ्चालन समेत गरिएको छ । राम्रो नतिजा ल्याउनको लागि त्रिकोणात्मक प्रयास अनिवार्य हुने उनी बताउँछिन् । 'विद्यालयमा शिक्षक, घरमा अभिभावक र स्वयम् विद्यार्थीले कडा मेहनत गरेमात्र सोंचेजस्तो गुणस्तर पाउन सकिन्छ ।'- उनीले भनिन् ।

जसका लागि समय समयमा अभिभावक भेला गर्ने, विद्यार्थीहरुका व्यक्तिगत आनीबानीका विषयमा शिक्षक र अभिभावकबिच कुराकानी आदानप्रदान गर्ने समेत विद्यालयले व्यवस्था गरेको छ ।

विद्यालयमा पारिवारिक वातावरण सृजना गर्नको लागि शिक्षक महिलाहरुको नेतृत्वमा न्यायिक समिति बनाएर छात्राहरुमा देखिने समस्याको पहिचान गरी यसका विषयमा छलफल गर्ने र समाधान निकाल्ने काम भइरहेको छ । 'कुनै पनि विद्यार्थीलाई कुनै समस्या पऱ्यो भने सहजै शिक्षकलाई भन्ने गर्छन् ।'-उनीले भनिन् ।

**नरैनापुरमा चार जनाको मृत्यु :**

# पानीको कमी र समयमा उपचार नपाउनु मुख्य कारण

**लुम्बिनी संवाददाता**

*नेपालगञ्ज*

बाँकेको नरैनापुरका एकैघरका चार जनाको मृत्यु शरीरमा पानीको कमीले भएको पुष्टि भएको छ । स्वास्थ्य कार्यालय बाँकेका सूचना अधिकारी एवं महामारी रोगका 'फोकल पर्सन' नरेन्द्र श्रेष्ठले नरैनापुर गाउँपालिका-३ स्थित गेग्ली गाउँमा एकै परिवारका एक बालकसहित चार जनाको शरीरमा पानीको कमी भएकाले मृत्यु भएको जानकारी दिए ।

'मृतकका परिवारले स्वास्थ्यकर्मीलाई दिएको रोगको लक्षणका आधारमा जिल्ला स्वास्थ्य कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनका अनुसार झाडापखालाका कारण शरीरमा पानीको मात्रा कमी हुनाले ७२ घण्टामा चार जनाको मृत्यु भएको हो ।'- फोकल पर्सन श्रेष्ठले भने ।

नरैनापुर गाउँपालिका स्वास्थ्य शाखाका प्रमुख नागेन्द्र शाहले मृतकको उपचार गर्न समय नपाएको बताए । मृतकका आफन्तका अनुसार मृतक चारैजनालाई झाडापखाला भएको समयमा जीवनजललगायत अन्य झोलिलो पिउने पदार्थको अभाव भएको थियो ।

स्वास्थ्य कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनमा झाडापखाला भइ शरीरमा पानीको मात्रा कमी भएकाले निजहरुको मृत्यु भएको उल्लेख छ ।

यही भदौ १४ गतेदेखि फैलिएको झाडापखाला महामारीका रुपमा भने नरहेको स्वास्थ्य शाखाका प्रमुख शाहले बताए । नरैनापुर-३ स्थित गेग्लीका श्यामलाल पासीको घरमा पहिलोपटक झाडापखालाको सङ्क्रमण देखिएको थियो । उनका अनुसार ज्वरो आउने, पेट दुख्ने, टाउको दुख्ने र एकदिनमा तीनदेखि चार पटकसम्म पातलो दिसा भएकाले शरीरमा पानी अपुग हुन गई पासीको एकैघरका तीन जनाको मृत्यु भएको हो ।

स्वास्थ्य शाखा प्रमुख शाहले मृतकलाई आफन्तले बिरामी हुँदा भारतीय क्लिनिकमा उपचार गराएको र सोही क्रममा मृत्यु भएको जानकारी दिए । मृत्यु भएपछि मात्रै जिल्ला स्वास्थ्य कार्यालयलाई जानकारी प्राप्त भएको उनले बताए ।

शाहले गेग्लीमा एकैदिनमा झाडापखालाबाट कसैको पनि मृत्यु नभएको दाबी गर्दै भने-'एकै परिवारका ७५ वर्षीय शान्ति पासी, उनकी २६ वर्षीया बुहारी उषा पासी र सोही परिवारकी एक वर्षकी नाबालिकाको क्रमशः भदौ १४, १५ र १६ गते मृत्यु भएको हो ।' उनले एकैदिन तीन जनाको मृत्यु नभएको बताए ।

स्वास्थ्य शाखा प्रमुख शाहले मृतकका आफन्तले समयमा उपचार नगराएका भन्दै परिवारको लापरबाहीका कारण चार जनाको ज्यान गएको जानकारी दिए । 'समयमै जाँच गरेको भए रोग पहिचान भइएर उपचार हुन्थ्यो', उनले भने-'परिवारको लापरबाहीले गर्दा अकालमा ज्यान गएको छ । चेतनाको कमीले गर्दा यस्तो घटना भएको हो ।'

नरैनापुर-३ कालाफाँटा स्वास्थ्य संस्थाका प्रमुख मो तैयब राइनले गेग्लीमा झाडापखाला फैलिएको जानकारी पाउनेबित्तिकै आवश्यक औषधिसहितको टोली परिचालित गरिएको बताए । गाउँमा अहिले दुई बालबालिकामा पखाला पुष्टि भएको बताउँदै उनले एक जनाको स्थानीयस्तरमा र एकजनाको भेरी अस्पताल नेपालगञ्जमा उपचार भइरहेको जानकारी दिए । 'महामारीका रुपमा फैलिएको हो कि भनेर पालिकाले स्वास्थ्य शिविर आयोजना गरी परीक्षण गरेको छ । शिविरमा आएकामध्ये अधिकांशमा अधिकांश ज्वरो आउने, पेट दुख्ने, टाउको दुख्नेलगायत समस्या देखिए पनि यो समस्या मौसम परिवर्तनका कारण भएको हो ।'- उनले भने । सोमबारको शिविरमा दुईजनामा झाडापखाला पुष्टि भएको थियो ।

नरैनापुरमा भेटिएका झाडापखालामा हैजाजन्य किटाणु नभएको भेरीमा उपचाररत बिरामीको जाँचबाट खुलेको स्वास्थ्य शाखा प्रमुख अङ्गत शाहीले जानकारी दिए ।




## सम्पादकीय

# आयात प्रतिस्थापन गर्ने उद्योग

वातावरण नभएको भन्दै व्यवसायीहरू लगानी गर्न हच्किरहेका बेला एक जना व्यवसायीले फर्निचर उद्योगमा गरेको लगानीले आयात प्रतिस्थापन गर्न सफल भएको छ । जतिबेला कोभिड महामारी थियो, व्यापार व्यवसाय बन्द थिए, कोभिड त्रासले समाज गुज्रेको थियो । त्यसैबेला बुटवलको आवास ग्रुपले फर्निचर उद्योगमा लगानी गर्ने निर्णयले अहिले आयात प्रतिस्थापन गर्न सफल भएको छ ।

बजारमा चिनियाँ र भारतीय फर्निचरको दबदबा छ । तीमध्ये चिनियाँ फर्निचरले बजारको ठूलो हिस्सा ओगटेको छ । नेपाली बजारमा चिनियाँ फर्निचरको दबदबा त छ, तर गुणस्तरमा समस्या छ । राम्रो डिजाइन भएका चिनियाँ फर्निचरप्रति आकर्षित भए पनि गुणस्तरप्रति उपभोक्ताको गुनासो छ । उपभोक्ताले गुणस्तरीय फर्निचर खोजिरहेका बेला आवास ग्रुपले रूपन्देहीको देवदह भलुहीमा आवास स्टिल एण्ड फर्निचर उद्योग खोल्यो । आज आवास फर्निचरले डिजाइन, फिनिसिङ, गुणस्तर र मूल्यमा चिनियाँ फर्निचरलाई टक्कर दिन सफल भएको छ । नेपाली फर्निचर पनि अब्बल हुन्छन् भन्ने स्थापित भएको छ । कुनै पनि उत्पादनले बजार लिनसक्नु केबल गुणस्तरीय भएर मात्रै हुँदैन, उद्योगले लिने बजार रणनीति पनि आवश्यक पर्छ । प्रतिस्पर्धी बजारमा टिक्नका लागि संभावित रणनीति, जोखिम र संभावनाका बारेमा प्रष्ट हुन आवश्यक छ । आवास ग्रुपका तेस्रो पुस्ताका युवा निर्माण थैवले तयार गरेको यो रणनीतिलाई कार्यान्वयन गर्न अनुभवी अग्रजले सघाए । नयाँ पुस्ताको अवधारणालाई कार्यान्वयन गर्न अनुभवी पुस्ता सघाउन तयार भएकाले अहिले आवास फर्निचरले बजार लिन सफल भएको हो । रूपन्देहीको भलुहीको उद्योग काठमाडौंमा पनि विस्तार हुँदैछ । काठमाडौंको ठूलो बजारमा पुऱ्याउन यहाँबाट छरितो नहुँदा उतै उद्योग खोल्नु स्वाभाविक पनि हो । २०७८ सालमा स्थापना भएको उद्योगले नेपाल सरकार, उद्योग मन्त्रालयबाट उत्कृष्ट नवप्रवर्तनकारी उद्योगमा छनोट भइ यो वर्ष पुरस्कृत भएको छ ।

अहिले समाजमा चौतर्फी निराशा छ, देशमा संभावना छैन, अवसर छैन भन्ने गुनासो धेरै सुनिन्छ । तर यो निराशालाई चिर्न सरकारले अवसर छ भन्ने सन्देश दिन युवाहरूलाई स्वदेशमै उद्यम व्यवसाय गर्न प्रेरित गर्नुपर्छ । जसले गरेका छन्, उनीहरूलाई थप लगानी गर्न हौस्याउनुपर्छ ।

# लोकतन्त्रमा नागरिक 'स्वतन्त्र' हुन्छन् कि हुँदैनन् ?



प्रेमराज सिलवाल

राजनीतिशास्त्रीय दार्शनिकहरू भन्दछन्- 'कुनै खास विषय, अवस्था, समय र सन्दर्भमा कुनै व्यक्ति 'मौन' बस्नु पनि कुनै पक्ष, दल, विचार वा वादलाई समर्थन गर्नु वा नगर्नु हो ।' तसर्थ, खास अवस्थामा मौन बस्नु पनि निश्चित खालको दलीय वा वैचारिक पक्षधरता हुनु हो । त्यस्तो अवस्थामा गरिएको मौनता 'स्वतन्त्र' रहेको भन्ने होइन, हुन सक्दैन । यसरी हेर्दा कुनै पनि व्यक्ति वा राजनीतिक दल पूर्ण 'स्वतन्त्र' हुन्छ कि हुँदैन ? को मान्छे वा समूह किन र कसरी 'स्वतन्त्र' हो ? दलीयतन्त्र भनिने बहुदलीय लोकतन्त्रमा मानिस र दल स्वतन्त्र हुन्छन् कि हुँदैनन् ? यस्ता प्रश्न उठ्नु स्वभाविक छ ।

नेपालमा हालैका समयमा 'स्वतन्त्र' भनिएका अनेकौँ भाष्य लगातार बहस र चर्चामा आइरहेका छन् । बहुदलीय राजनीतिक व्यवस्था र लोकतान्त्रिक गणतन्त्र भएको देशमा कसरी कुनै पनि पार्टी र मान्छे स्वतन्त्र हुन सक्छन् ? विश्व-राजनीति र सामाजिक सन्दर्भमा पटक-पटक आइरहने शब्द-विषय र भाष्य हो- 'स्वतन्त्र व्यक्ति ।' नेपाली राजनीति र सञ्चारमाध्यममा समेत यस भाष्यको प्रयोग निरन्तर हुने गरेको छ ।

**'गोरु तर्क'**

सहकारी ठगीमा प्रत्यक्ष रूपले जोडिएका भनी ब्यापक चर्चामा रहेका रवि लामिछानेले 'स्वतन्त्र' नामको पार्टी नै निर्वाचन आयोगमा दर्ता गरेका छन् । लामिछानेको दलको त्यो नाम मान्छेलाई उल्लु बनाउने 'फटाहा काइदा' मात्र हो । पार्टी 'स्वतन्त्र' भन्नु 'गोरु तर्क' हो, मान्छेको 'दिमाग भुट्ने संकीर्ण प्रयास' मात्र हो । त्यसपछिका अवधिमा अनेकौँ सन्दर्भमा 'स्वतन्त्र' राजनीतिक दल, 'स्वतन्त्र व्यक्ति', 'स्वतन्त्र आयोग', 'स्वतन्त्र पत्रकार', 'स्वतन्त्र लेखक', 'स्वतन्त्र पत्रिका', 'स्वतन्त्र बुद्धिजीवी', 'स्वतन्त्र विचार', 'स्वतन्त्र विश्लेषक', 'स्वतन्त्र मत' र 'स्वतन्त्र विश्लेषण' जस्ता अनेकौँ भाष्यको प्रयोग भएको देखिन्छ, सुनिन्छ । गम्भीर सवाल उठ्दछ- कुनै राजनीतिक दल र व्यक्ति कुन हदसम्म स्वतन्त्र हुन सक्छ ? कुन हदको अवस्थालाई 'स्वतन्त्र' भन्ने हो ? त्यो कुराको पहिचान गर्न कठिन हुन्छ । यो विषय बौद्धिक छलफल र चिन्तनको कुरा हो । कुनै विचार र दलको पक्षधरता हुँदैमा कोही व्यक्ति र नागरिक खराब र गलत हुने हो ?

दलीय प्रजातन्त्रमा मानिसको कस्तो भूमिका भएमा स्वतन्त्र मान्ने हो ? कुनै दलनिकटको विचार दिएको आधारमा मान्छे स्वतन्त्र हुन्छ कि हुन्न ? कुनै पार्टीलाई मत नहालेको आधारमा मानिस स्वतन्त्र हुन्छ कि हुन्न ? कस्तो राजनीतिक विचार, विश्लेषण, तर्क, धारणा, सोंच, चिन्तन राखेको व्यक्ति स्वतन्त्र हुने हो ? यसलाई छुट्ट्याउन निकै कठीन हुन्छ । आफूलाई लागेको विचार दिएको मानिस स्वतन्त्र हुने हो वा कसैको विरुद्ध विचार र धारणा राखेको कारण कुनै व्यक्ति गैरस्वतन्त्र हुने हो ? यस्ता अनेक प्रकारका सवाल बौद्धिक र तार्किक जगतमा निरन्तर उठ्ने गरेका छन् । जबकि आफूलाई लागेको विचार र दल छान्नको लागि नै बहुदलीय लोकतन्त्र चाहिएको हो ।

दलीय प्रजातन्त्र र आवधिक निर्वाचन भएको मुलुकमा कुनै न कुनै दललाई निर्वाचनमा भोट हाल्नैपर्ने हुन्छ । मत नहालेको अवस्थामा कुनै दल बहिस्कारमा छ भने उसको समर्थन वा जुनसुकै अर्थ लगाउन सकिन्छ । कसैले मत नहालेको आधारमा परिणाममा तात्विक फरक पर्ने पनि होइन । तीन करोड जनता भएको नेपालको सन्दर्भमा वामपन्थी धारको प्रतिनिधित्व गर्ने विभिन्न कम्युनिस्ट पार्टी, परम्परावादी धारको प्रतिनिधित्व गर्ने नेपाली काङ्ग्रेस, क्षेत्रिय प्रतिनिधित्वको वकालत गर्ने मधेसवादी, आफूलाई 'नयाँ' भन्दै आएका समूहलगायतका संसदमा प्रतिनिधित्व भएका र नभएका राजनीतिक दल छन् । निर्वाचनमा भाग लिएका वा नलिएका गरी एक सय बढी राजनीतिक दलहरू कुनै न कुनै रूपमा क्रियाशील रहेका छन् । यस्तो अवस्थामा मानिस सम्पूर्ण रूपमा स्वतन्त्र छ भन्नु राजनीतिक दर्शनको दृष्टिकोणले बेतुक र झुट्टो तर्कमात्र हो । लोकतन्त्रमा कोही पनि मानिस कसैको 'डरत्रास'ले 'स्वतन्त्र' हुनु पर्दैन । आफूलाई लागेको विचार र दल छान्न तथा मत राख्न पाउँछ । त्यो उसको न्यूनतम राजनीतिक अधिकार हो ।

**को स्वतन्त्र ?**

यथार्थमा मानिस पूर्ण वा सम्पूर्ण रूपले 'स्वतन्त्र' हुँनै सक्दैन । मानिस पूर्ण रूपमा स्वतन्त्र हुनु भनेको मृत्यु वा त्यो अवस्थामा पुग्नु हो । त्यसो भएर मानिस पूर्ण स्वतन्त्र भन्ने कसैले भन्दछ भने त्यो 'गोरु तर्क' हो । कुनै पनि राजनीतिक र सामाजिक वा सार्वजनिक सरकोकारसँग सम्बन्धित विषयमा कसैले उसको विचार, धारणा, तर्क, विश्लेषण, मत राख्छ भने त्यहाँ निश्चित रूपमा कुनै विचार, वाद, दृष्टिकोण, धारणा, निकटता, सम्बन्ध, सरोकार, हित, स्वार्थ वा दलीय निकटता जोडिएकै हुन्छ, हुन्छ । मात्रात्मक भिन्नता, रूपगत भिन्नता, प्रस्तुतिकरणको भिन्नता, शैलीगत भिन्नता, बुझाईको भिन्नता, दृष्टिकोणको भिन्नता आदि हुने भए पनि कुनै पनि विचार, दर्शन, धारणा आदिबाट प्रभावित नभएको विचार र धारण कसैले राख्दैन ।

व्यक्ति आफैंले उत्खनन् गरेको, कसैको पनि विचार र दर्शनमा आधारित नभएको धारण कसैको पनि हुँदैन । त्यस्तो विचार आउनै सक्दैन, आएकै छैन । ग्रिक दार्शनिक सुकरात पनि प्लेटोबाट प्रभावित थिए । जर्मन दार्शनिक कार्ल मार्क्स (१८१८-१८८३) को विचार पनि हेगेलको आदर्शवादी दर्शनको विपरीत बस्तुवादी दर्शन थियो । रुसका नेता लेलिनले 'मार्क्सले हेगेल पचाएर भौतिकावादी दर्शनको जन्म दिएका थिए' भनेका थिए । त्यसैले जसरी हामी स्वतन्त्रको सम्बन्धमा हल्का तरिकाले बोलिरहेका हुन्छौ । फलानो व्यक्ति वा मानिस वा समूह वा धारणा स्वतन्त्र हो भन्ने तहमा पुग्छौँ । त्यो दार्शनिक दृष्टिकोणले सत्यभन्दा टाढाको कुरा हुन पुग्छ ।

**नेपालमा स्वतन्त्रको अभ्यास**

नेपालमा पहिलो र दोस्रो संविधान सभामा निर्वाचित पाँच सय पचहत्तर सदस्यबाहेक छब्बीस जना मानिस 'स्वतन्त्र बुद्धिजीवी' मध्येबाट ल्याउने भनियो र ल्याउने काम गरियो । त्यहाँ को-को कस्ता मानिस मनोनयन गरियो ? निश्चित हो- दल, विचार-समूहनिकटताको 'स्वतन्त्र' नै हामीले ल्याएका थियौँ । त्यसैलाई हामीले स्वतन्त्रको हैसियतमा बुझ्नुपर्ने स्थिति थियो । त्यतिमात्र नभइ हामीले निर्वाचन आयोग, लोकसेवा आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्ता निकायमा संविधान बमोजिम नियुक्त गरेका व्यक्ति पनि कुन हदका स्वतन्त्र थिए र छन् ? वास्तवमा भन्ने हो भने दल, विचार, आस्था, समूहगत निकटता, दलगत धारणाको पक्षपाती भएकैले त्यस्ता संवैधानिक निकायमा नियुक्त गरिएका थिए, गरियो, गरिँदैछ । सर्वोच्चका न्यायाधीश समेत कुनै न कुनै रूपमा दल-विचार निकटबाटै आउने संवैधानिक व्यवस्था गरिएको छ ।

टेलिभिजन वा सञ्चारमाध्यममा विचार वा लेख वा धारणा दिने 'स्वतन्त्र व्यक्ति' वा बुद्धिजीवीलाई चिनेका छैनौँ ? सत्ताको विरोधमा बोलेको खण्डमा प्रतिपक्षी कित्ताको लागि ऊ स्वतन्त्र बुद्धिजीवि र विद्वान् ठहरिने ! सत्ताको समर्थनमा सिधा वा घुमाउरो तरिकाले विचार वा विश्लेषण गरेको खण्डमा उनीहरूको लागि ठूलो विद्वान्, स्वतन्त्र विश्लेषक दरिने रहेछ भन्ने सोच पालेर हामी बसेका छौँ । वास्तवमा मानिस पूर्ण स्वतन्त्र रहनै सक्दैन । त्यसो भएर व्यक्तिलाई आफूलाई लागेको विचार, धारणा, दलीय वा दार्शनिक विचार, कुनै नीति वा कार्यक्रमको निकट वा विपक्षमा बोल्ने, धारणा राख्ने वा मत दिने पूर्णत छुट र अधिकार रहेको छ । यो भनेको प्राकृतिक कानुनको विषय पनि हो । मानिसको आ-आफ्नो क्षमता, दक्षता, ज्ञान, सीप, विश्लेषण, धारणा, स्वभाव, अनुभव, बुझाइ र पेश गर्ने तरिका हुन्छ । यो स्वभाविक कुरा पनि हो ।

**कस्ता कार्य आपत्तिजनक हुन्छन् ?**

व्यक्तिले राखेको धारणा वा कार्यशैली कसैलाई 'स्वाद' लाग्ने वा नलाग्ने हुन्छ । यस हिसावले मानिस र विचारलाई स्वतन्त्र विश्लेषण भएन भनेर आलोचना पनि गर्नु आवश्यक छैन । विचार, धारणा, बुझाइ स्वतन्त्र नभएर पनि केही हानी गर्ने होइन । हानीचाहिँ कतिबेला हुन्छ भने कुनै विचार, दर्शन, धारणा, दलीय निकटता, दलीय दृष्टिकोणको आधारमा सरकारी र सार्वजनिक पदमा निर्वाचित वा नियुक्त भइ बसेको व्यक्ति, मानिस वा कर्तव्य भएको व्यक्तिले सो निश्चित दलीय विचारको आँखा वा चश्माको आधारमा आफ्नो कर्तव्य, कानुनी र संवैधानिक दायित्व र जिम्मेवारी पूरा नगर्ने वा विचारको आधारमा भेदभाव गर्ने अवस्था आयो भने त्यो गम्भीर कमजोरी बन्न पुग्दछ । सार्वजनिक कर्तव्य भएको व्यक्तिले कुनै निश्चित विचार वा दलीय निकटताको कारण सो विचारभन्दा बाहिरका व्यक्ति वा मानिसप्रति नकारात्मक र 'बायसनेस' राख्यो भने प्रश्न उठाउन सकिन्छ ।

त्यसैले मानिस वा व्यक्ति विचारमा स्वतन्त्र नभए पनि व्यवहारमा उसको संवैधानिक, कानुनी वा प्राकृतिक दायित्व पूरा गरी राखेको अवस्थामा कसैलाई केही फरक पर्दैन । कुनै पनि मानिसको प्राकृतिक आवश्यकता समान हुन्छ । बाँच्नको लागि चाहिने आधारभूत कुराभन्दा टाढा मानिस रहनै सक्दैन । त्यस अर्थमा जुनसुकै पदमा बसेको मानिस पनि प्राकृतिक व्यक्ति भएकोले उसको मनमा कुनै विचार, धारणा, दृष्टिकोण वा दलीय निकटता हुनुलाई अन्यथा भन्न सकिन्न । धारणाको कारण फरक पर्ने नभइ धारणा बोकेर सो बाहेकको मानिस वा विचारलाई नकारात्मक व्यवहार वा फरक गरेको खण्डमा वा संवैधानिक र कानुनी दायित्व पूरा नगरेको खण्डमा मात्र त्यो प्रश्नयोग्य बन्न पुग्ने हो । यस हिसाबमा मानिस आफैंभित्र पूर्णतः स्वतन्त्र विचार भएको हुँदैन ।

लोकसेवाबाट परीक्षा पास गरी सिँहदरबारभित्र जागिर खाएका कर्मचारी दलीय विचारको आधारमा सिंहदरबारमा जुलुस निकाल्छन् । विद्यार्थीलाई शिक्षा दिन कसम खाएको शिक्षक पार्टीको प्रचारमा खटिन्छन् । अस्पतालका डाक्टर दलको हितमा आफ्नो सेवा बन्द गरी जुलुसमा निस्कन्छ । त्यो चाहिँ प्रश्न गर्न मिल्ने विषय हो । यद्यपि आफ्ना पेशागत अधिकार, हक र हितमा संगठित भएर आवाज उठाउन सक्ने अधिकार नेपालको संविधान एवम् कानुनले नै प्रदान गरेको कुरा हो । पेशागत र ट्रेड युनियन अधिकार चाहिँ कुनै पनि सरकार, मन्त्री वा कसैले खोस्न सक्दैन । त्यो खोस्न खोज्नु लोकतान्त्रिक संविधानको अक्षर र भावना नबुझ्नु हो । 'स्वतन्त्र पार्टी'की निवर्तमान शिक्षामन्त्रीले त्यस्तै 'केटाकेटी हर्कत' गर्ने प्रयास गरेकी थिइन् । 'इमेच्यौर' सोचको परिणाम थियो त्यो, जुन सम्भवै थिएन ।

कसैले पनि आफूलाई लागेको विचार, धारणा, निकटता राख्न सक्ने प्राकृतिक अधिकार नै हो । जस्तोसुकै विचार, दर्शन, धारणा, दलीय निकटता भए पनि उसको कार्यशैलीमा प्राकृतिक कानुनको सिद्धान्तको पालना, देशको संविधान र कानुनको पालना, तर्क, प्रमाण, तथ्य, आधार, वैज्ञानिक आधार र सर्वस्वीकार्य कारण दिएको अवस्थामा त्यस्तो कार्यलाई स्वतन्त्र कार्य वा स्वीकार्य कार्य भन्नुपर्ने हुन्छ । यसो हुन सकेको खण्डमा मनभित्र जुनसुकै विचार भएको मानिस पदमा वा जिम्मेवारीमा पुगेमा पनि सार्वजनिक दृष्टिकोणमा खासै केही फरक पर्दैन । त्यसैले मूल सवाल भनेको व्यक्ति कति स्वतन्त्र हो भन्नुभन्दा पनि उसले गरेको कार्य वा उसको दायित्वमा रहेको काम, कार्यशैली, व्यवहार कति स्वतन्त्र हो भन्नुपर्ने हुन्छ । कुनै दल वा समूहको 'रातो' वा 'हरियो कार्ड' लिएको वा नलिएको आधारमा मात्र कोही 'स्वतन्त्र' हुने वा 'स्वतन्त्र' नहुने हुन्न । चुरो कुरो जिम्मेवारी र व्यवहारको सन्तुलन नै हो ।

स्वतन्त्र हुनु भनेको शरीरको लागि चिनी जस्तै हो । शरीरमा चिनी अनिवार्य मानिएपनि बढी भएमा 'मधुमेह' हुन्छ भने भने कम भएमा 'सुगर लो'को खतरा रहन्छ । यस्तो दुवै अवस्था स्वस्थ्य मानव शरीरको लागि हानीकारक हुन्छ । तसर्थ, बहुदलीय व्यवस्थामा मान्छेलाई आफ्ना विचार राख्ने हक र अधिकार हुन्छ र छ । नहुने कुरा अर्थात्, सार्वजनिक र सरकारी पदमा बसेर सार्वजनिक दायित्व पूरा गर्दा दलीय विचारको सङ्कीर्णताचाहिँ त्याग्नै पर्दछ । सारमा अहिले जतिले आफूलाई स्वतन्त्र व्यक्ति वा पार्टी स्वतन्त्र भन्ने गरेका छन् ती सबै 'गोरु तर्क'मात्र हुन्, 'जोकर कुरा' मात्र हुन् । रवि लामिछाने र उनीजस्ता नयाँ भनिएकाहरूले भट्याउने गरेको 'स्वतन्त्र'को तर्क त झन् वाहियात हो । खास समय, सन्दर्भ र अवस्थामा मौन बस्नु पनि कुनै समूह, दल वा विचारप्रतिको पक्षधरता हुन्छ भनेपछि कसलाई कसरी स्वतन्त्र भन्ने/मान्ने ? त्यो पर्दैन । मानिसले कुनै न कुनै स्तरको विचारको पक्षधरता लिनु हुन्छ, लिन्छ । सार्वजनिक र सरकारी पदमा बसेर चाहिँ पक्षधरताको व्यवहार र कार्य गर्नु हुन्न । चुरो कुरा यति हो । (अधिवक्ता)

घटना र विचारबाट

# नेप्से परिसूचक सामान्य अङ्कले बढ्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ । मंगलबार नेप्से परिसूचक छ दशमलव ९० अङ्कले बढेर दुई हजार आठ सय ३० को विन्दुमा कायम भएको हो

तीन सय २८ कम्पनीको तीन करोड पाँच लाख ९९ हजार आठ सय ९० कित्ता शेयर एक लाख ४४ हजार एक सय ९७ पटक खरिदबिक्री हुँदा रु १३ अर्ब ५७ करोड ७१ लाख पाँच हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा विकास बैंक एक दशमलव ३२, होटल तथा पर्यटन शून्य दशमलव ६५, जीवन बिमा दुई दशमलव २८, लघुवित्त शून्य दशमलव ३६ र निर्जीवन बिमा चार दशमलव ७८ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ ।

बैंकिङ शून्य दशमलव ६७, वित्त एक दशमलव ५७, जलविद्युत् शून्य दशमलव ५०, लगानी शून्य दशमलव ४४, उत्पादन तथा प्रशोधन शून्य दशमलव १४, म्युचुअल फन्ड शून्य दशमलव शुन्य तीन, व्यापार शून्य दशमलव ४१ र अन्य समूह शून्य दशमलव १८ प्रतिशतले घटेको छ ।

सात कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड, सिन्धु विकास बैंक लिमिटेड, मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड, ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड, विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड र विन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य १० प्रतिशतले बढेको हो । सबैभन्दा धेरै घट्नेमा भने हिमालयन पावर पार्टनर लिमिटेडको शेयर मूल्य आठ दशमलव ८६ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको रु ३४ करोड ७२ लाख २३ हजार दुई सय ७३ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने अपि पावर कम्पनी लिमिटेडको सात लाख ४४ हजार एक सय ५० कित्ता शेयर किनबेच भएको छ ।

# 'मेथी' खानुका फाइदै फाइदा



मानव स्वास्थ्यका लागि मेथी बहुउपयोगी बस्तु हो । यसका अनेकन फाइदा छन् । मेथीको दानामा कपाललाई मजबुद गर्ने क्षमता हुन्छ । यसमा प्रोटिन र निकोटिनिक एसिडको मात्रा उच्च हुन्छ, जसले हाम्रो शरीरलाई पनि उर्जा दिन्छ ।

यसको पेष्ट बनाएर नरिवल वा जैतुनको तेल मिलाएर कपालमा लगाउँदा यसले कपाल झर्न रोक्छ । चायाँको समस्या छ भने मेथी तपाइँका लागि अचुक औषधी पनि बन्न सक्छ । टाउकाको छाला सुख्खा भएर समस्या भयो भने मेथी त्यसका लागि सरल घरेलु उपाय हो ।

मेथीमा दही मिसाएर पेष्ट बनाउनुस र यसलाई कपालको जरासम्म पुग्ने गरी लगाउनुस् । अलि अलि मसाज गर्नुस् । ३० मिनेटपछि धुनुस् तपाइँको कपालमा चायाँको समस्या तत्काल समाधान हुन्छ ।

मेथीका दाना डन्डीफोर नियन्त्रणका लागि पनि निक्कै उपयोगी मानिन्छ । यसले छालाको एमिडर्मिस तहमा रहेको टक्सिनलाई निकाल्छ र डन्डीफोरको दाग समेत हटाइदिन्छ । डन्डीफोरले दिक्क पारेको छ भने मेथी तपाइँका लागि अचुक औषधी हो । मेथीका दाना पिस्नुस् र पेष्ट बनाउनुस् यसमा थोरै मह हाल्नुस् । मेथी र महको पेष्ट लगाइ २५ देखि ३० मिनेट अनुहारमा राख्नुहोस् र चिसो पानीले धुनुस् । यसले डन्डीफोरको समस्या कम गर्न मद्दत गर्दछ ।

मेथीमा उच्च मात्रामा फाइवर हुन्छ । यसले पाचन प्रणालीमा सहयोग गर्छ । यसले शरीरलाई चाहिनेभन्दा बढी क्यालोरी पनि कम गर्दिन्छ । बिहानमा एक गिलास मेथीको पानी पिउनुस् यसले शरीरलाई अत्यन्तै फाइदा गर्छ । अनुहार चम्किलो पार्न चाहनु हुन्छ भने मेथी तपाइँलाई चाहिने चिज हो । मेथीको दानाले शरीरमा रहेका विभिन्न फ्रि रेडिकल्सलाई बाहिर निकाल्छ ।

मेथीको दानाको पेष्ट बनाएर लगाउँदा अनुहारमा रहेका काला घेरा र अन्य समस्या समेत हट्छन् । यसले छालाको कलर टोन बढाउँछ एवं मृत तन्तुहरु हटाउँछ त्यसकारण अनुहार चम्किलो देखिन्छ ।

मेथीको सेवनले मृगौलालाई पनि स्वस्थ राख्छ । मेथीमा हुने तत्वले पत्थरीको समस्या हुनेलाई समेत फाइदा गर्छ । यसले भित्रका विकार पिसाबको माध्यमबाट बाहिर निकाल्छ । यदि तपाइँलाई ज्वरो आएको छ भने एक चम्चा कागतीको रसमा मह र मेथी मिसाएर खाँदा ज्वरो घट्छ । यसले आराम अनुभव गराउँछ । यसले घाँटीमा हुने खस खस पनि हटाउँछ ।

मेथीले महिलामा स्तन वृद्धि गर्न पनि सहयोग गर्छ । यसले महिलाले बच्चालाई खुवाउनका लागि दूधको उत्पादन पनि बढाइदिन्छ । महिलामा हुने विभिन्न समस्यामा मेथीले औषधीको काम गर्छ ।

मेथीको सेवनले पाचन प्रणालीलाई राम्रो तुल्याउँछ । यसले पेट पोल्ने र अन्य समस्या समेत हटाउँछ । पाचनसम्बन्धी कुनै पनि समस्या भएको ब्यक्तिका लागि मेथीको सेवन अत्यन्तै फाइदाजनक हुन्छ । मेथीको सेवनले रगतमा हुने सुगर लेवल पनि नियन्त्रित हुन्छ । मेथीमा हुने एमीनो एसिडले प्याङ्क्रियाजमा हुने इन्सुलिनको प्रभाव बढाउँछ र यसले रगतमा हुने सुगरको मात्रा नियन्त्रण गर्छ । मधुमेहका रोगीहरुलाई पनि मेथी सेवन राम्रो मानिन्छ ।

दैनिक लुम्बिनी
निजी क्षेत्रवाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
रु.जि.हु.द.न.१३/०६३/०६४
२०८१ भदौ १९, गते बुधबार
Wednesday Sept.04, 2024
न.प.जि.प्र.का.द.न.४/०४५/०४६


# नदीजन्य पदार्थ 'चोरी निकासी नियन्त्रण अभियान' सञ्चालन

नवलपरासी । पश्चिम नवलपरासीको सुनवल नगरपालिकाले नदीजन्य सामग्रीको चोरी निकासी रोक्न 'चोरी निकासी नियन्त्रण अभियान' सञ्चालन गरेको छ । नगरपालिकाअन्तर्गत विभिन्न नदीबाट चोरी गरी विभिन्न ठाउँमा थुपारेर राखिएका नदीजन्य पदार्थ जफत गर्दै आएको नगर प्रमुख विमला अर्यालले जानकारी दिए ।

पछिल्लो पटक तुरिया खोला, चारघरे, सोमई टोललगायतका क्षेत्रबाट नदीजन्य पदार्थ जफत गरिएको हो । जफत गरिएका नदीजन्य पदार्थलाई कानुनअनुसार लिलाम गरिनेछ । अभियानअन्तर्गत् चोरी निकासीमा संलग्न सवारी साधन नियन्त्रण र थुपारेर राखिएका पदार्थ जफत अगाडि बढाइएको नगर प्रमुख अर्यालले बताए ।

विभिन्न खोलाबाट पछिल्लो पटक नदीजन्य पदार्थको चोरी निकासी बढेपछि नगरपालिकाले थुपारेर राखिएको स्थानको खोजी गरेर जफत गरिएको नगर प्रमुख अर्यालले जानकारी दिए ।

वर्षाको समयमा असारदेखि भदौसम्म नदीजन्य पदार्थको ठेक्का लगाउन नमिल्ने प्रावधान रहेकाले पनि अहिले त्यस क्षेत्रमा चोरी निकासी बढेको हो । चोरी गरिएका नदीजन्य पदार्थलाई खोला छेउ, झाडी, कुला, खुला चौरलगायत स्थानमा ढुङ्गा थुपारेर राखेको अवस्थामा जफत गरिएको नगर प्रमुख अर्यालले जानकारी दिए ।

नगर क्षेत्रको पानभार खोला, भूमही खोला क्षेत्रमा पनि अवैध रूपमा नदीजन्य पदार्थ थुपारेर राखिएको बताइएको छ । ती स्थानहरूमा पनि क्रमशः अनुगमन गरेर जफत गरिने नगर प्रमुख अर्यालले जनाए ।

---

**सञ्चारमन्त्री....**

यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले आफ्नो संगठनका केही चुनौतीबारे भनाइ राख्दा प्रहरी प्रमुखको जिब्रो थुतिदिने अभिव्यक्ति सरकारको प्रवक्ता रहेका मन्त्रीले नै दिएको भन्दै त्यसप्रति प्रश्न उठाएका छन् ।

मंगलबार प्रतिनिधिसभाको बैठकमा उनले भने-'एउटा प्रहरी संगठनको प्रमुखले केही बोल्नुभयो, आफ्नो सांगठनिक केही चुनौती अभिव्यक्त गर्नुभयो भने सरकारका प्रवक्ताले त्यसलाई जिब्रो थुतिदिन्छु भन्छ भने कहाँको वाक स्वतन्त्रता र कहाँको लोकतन्त्र हो यो ?'

सांसद झाले आफूहरुलाई सभ्यता सिकाउने मन्त्रीको पार्टीका नेतालाई पहिला आफ्नै मन्त्रीलाई सभ्यता सिकाउन समेत आग्रह गरे ।

नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाले पनि सञ्चार, सूचना तथा प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले नेपाल प्रहरीका प्रमुखलाई लक्षित गरेर दिएको अभिव्यक्ति आपत्तिजनक भएको बताएका छन् ।

मंगलबार प्रतिनिधिसभाको शून्य समयमा धाराणा राख्दै सांसद खतिवडाले मन्त्रीहरुलाई आफ्नो भनाइमा 'ब्रेक' लगाउन समेत आग्रह गरे । 'माननीय सूचना तथा सञ्चार प्रविधिमन्त्रीले नेपाल प्रहरीका आइजीपीको जिब्रो थुत्नुपर्छ भनेर अभिव्यक्ति दिनु भएछ, यो अभिव्यक्ति आपत्तिजनक छ । मन्त्रीहरुलाई आग्रह गर्न चाहन्छु, जिब्रोमा ब्रेक लगाइयोस् ।'-उनले भने ।

सांसद खतिवडाले यसबारे संसदमा जवाफको समेत माग गरे ।


**नेपाल सरकार**
**भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख बिभाग**
**भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.)**

## श्री भूमिसुधार तथा मालपोत कार्यालय नवल.सु.प. बाट प्रकाशित हकदाबी सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

मिति २०८१/०५/१९

प्रसादको नाति, दशै चमारको छोरा जिल्ला नवलपरासी (व.सु.प.) साविक गा.वि.स. भुजहवा, वार्ड नं. ५ हाल परिवर्तित सरावल गाउँपालिका वार्ड नं. ७ बस्ने शिवरवन चमारले ऐ ऐ को नाति, ऐ ऐ को छोरा ऐजन ऐजन बस्ने मेरो सहोदर भाइ राम निवास चनार- १ र म स्वयमु-१ समेत जना २ को संयुक्त नाउँमा दर्ता श्रेस्ता कायम रहेका जिल्ला नवलपरासी, साविक गा.वि.स. भुजहवा, वार्ड न. ५ का कि.न. १५५,८४५, ८६०,८६९,८७८ र ८८२ का ज.वि. क्रमशः ०-१-७,०-१-१५,०-०-१६.५, ०.०-१३. ०-०-६.५ र ०.०-१४ जग्गाहरू रहेकोमा जग्गाधनीमध्येका एक मेरो भाइ राम निवास चमारको मिति २०७६/०१/१८ मा कुनै हकवाला पत्नी छोराछोरी नभई अविवाहित अवस्थामै आफ्ने कालगतिले मृत्यु भएको र निज भाइ राम निवास चमार लाई जीवित छँदासम्म निजको पालनपोषण गर्ने, हेरचाह गर्ने, मृत्युपछिको काजकिरिया गर्ने तथा ऋणधन व्यहोने सम्पूर्ण काम म निजको जेठो दाजु शिवरवन चमार एक्लैले गरेको र उक्त जग्गाहरू उपरको निज मृतकको हकहिस्सा समेत म स्वयंले नै जोतभोग गर्दै आइरहेको हुँदा मृतक भाइ राम निवास चमारको उक्त जग्गाहरू उपरको हकहिस्सा मेरो नाउँमा एकलौटी नामसारी गरी अब उप्रान्त उक्त सम्पूर्ण जग्गाहरूको श्रेस्तापुर्जा मेरो एकल नाउँमा कायम गराइपाऊँ भनी यस श्री भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प. परासीमा दिएको माग दावी निवेदन सम्बन्धमा निवेदक शिव रचन चमार बाहेक मृतक जग्गाधनी राम निवास चमारको अन्य कोही हकवालाहरू भए वा निज मृतक जग्गाधनीलाई जीवित छंदासम्म पालनपोषण गर्ने र मृत्युपछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने काम अन्य कोही कसैले गरेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस श्री भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प. परासीमा हकदावीका लागि सम्पर्क गर्न आउन यो हकदावी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना सम्बन्धित सबैका लागि जारी गरिएको छ, अन्यथा नियामानुसार भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।



## नेपाल नेत्र ज्योति संघ
**रुपन्देही शाखा**
**(पदपूर्ति समिति)**

## नतिजा प्रकाशन

यस संघद्धारा मिति २०८१/०४/२६ गते आवश्यक विभिन्न रिक्त पदहरु करारद्धारा पदपूर्ति गर्न लिईएको लिखित परीक्षा तथा मिति २०८१/०५/१८ मा सम्पन्न अन्तर्वाताबाट निम्न पदहरुमा देहायअनुसार सफल उम्मेदवारहरुको नामावली सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ। सफल उम्मेदवारहरुले आफ्नो निरोगिताको प्रमाणपत्र सहित नतिजा प्रकाशित मितिले ७ (सात) दिन भित्र नियुक्ति पत्र लिन संघमा सम्पर्क राख्नहुन सूचित गरिन्छ।

पद : नेत्र सहायक (रा.प.अन प्रथम) तहः ८
सफल उम्मेदवार, पद संख्याः ३ (तीन)

| क्र.सं. | रोल नम्बर | दर्ता नं. | नाम |
|---|---|---|---|
| १ | OPH1 | 1 | यासमीनराईन कुजडा |
| २ | OPH14 | 14 | प्रियान्सी गुप्ता |
| ३ | OPH15 | 15 | रसगुन निसा |
| वैकल्पिक उम्मेदवार | | | |
| क्र.सं. | रोल नम्बर | दर्ता नं. | नाम |
| १ | OPH13 | 13 | मोनिका गुरुङ्ग |
| २ | OPH2 | 2 | कुसुम पुलामी |
| ३ | OPH18 | 18 | अन्जली कुमारी चौधरी |

पद : स्टोर असिस्टेन्ट (रा.प.अनं.द्धितिय) तहः ६
सफल उम्मेदवार, पद संख्याः १ (एक)

| क्र.सं. | रोल नम्बर | दर्ता नं. | नाम |
|---|---|---|---|
| १ | SA5 | 5 | एलिना न्यौपाने |
| वैकल्पिक उम्मेदवार | | | |
| क्र.सं. | रोल नम्बर | दर्ता नं. | नाम |
| १ | SA13 | 13 | विपेन्द्र चौधरी |
| २ | SA21 | 21 | संगिता पौडेल |

पद : मेडिकल रेर्कड असिस्टेन्ट (रा.प.अनं.प्रथम) तहः ८
सफल उम्मेदवार, पद संख्याः १ (एक)

| क्र.सं. | रोल नम्बर | दर्ता नं. | नाम |
|---|---|---|---|
| १ | MRA2 | 2 | चाहना शाह |
| वैकल्पिक उम्मेदवार | | | |
| क्र.सं. | रोल नम्बर | दर्ता नं. | नाम |
| १ | MRA28 | 29 | एरिका कुँवर |
| २ | MRA20 | 20 | अर्जुन कोहार |

पद : काउन्सुलर (रा.प.अनं द्धितिय) तहः ६
सफल उम्मेदवार, पद संख्याः १ (एक)

| क्र.सं. | रोल नम्बर | दर्ता नं. | नाम |
|---|---|---|---|
| १ | CON2 | 2 | भगवती राउत |
| वैकल्पिक उम्मेदवार | | | |
| क्र.सं. | रोल नम्बर | दर्ता नं. | नाम |
| १ | CON3 | 3 | सिता पाण्डे |
| २ | CON1 | 1 | सरिता बि.क. |

पद : कार्यालय सहायक (रा.प.अनं.तृतिय) तहः ४
सफल उम्मेदवार, पद संख्याः २ (दुई)

| क्र.सं. | रोल नम्बर | दर्ता नं. | नाम |
|---|---|---|---|
| १ | OA35 | 37 | बबिता बस्याल |
| २ | OA40 | 42 | अमृता शर्मा |
| वैकल्पिक उम्मेदवार | | | |
| क्र.सं. | रोल नम्बर | दर्ता नं. | नाम |
| १ | OA42 | 44 | साबित्रा रेग्मी आचार्य |
| २ | OA12 | 12 | आशिष पौडेल |
| ३ | OA32 | 33 | लक्ष्मी ज्ञवाली |

पद : ओ.टी. असिस्टेन्ट (रा.प.अनं द्धितिय) तहः ६
सफल उम्मेदवार, पद संख्याः २ (दुई)

| क्र.सं. | रोल नम्बर | दर्ता नं. | नाम |
|---|---|---|---|
| १ | OTA16 | 16 | बबिता आचार्य |
| २ | OTA6 | 6 | करिश्मा थापा |
| वैकल्पिक उम्मेदवार | | | |
| क्र.सं. | रोल नम्बर | दर्ता नं. | नाम |
| १ | OTA10 | 10 | सुना काउछा पाण्डे |
| २ | OTA2 | 2 | डोलकान्ती कु. चौधरी |
| ३ | OTA14 | 14 | अनिता रसाइली |

पद : बलक असिस्टेन्ट (रा.प.अनं. द्धितिय) तहः ६
सफल उम्मेदवार, पद संख्याः १ (एक)

| क्र.सं. | रोल नम्बर | दर्ता नं. | नाम |
|---|---|---|---|
| १ | BA4 | 4 | प्रिन्स कुमार उपाध्याय |

पद : कार्यालय सहयोगी, श्रेणीविहीन, तहः १
सफल उम्मेदवार, पद संख्याः ३ (तीन)

| क्र.सं. | रोल नम्बर | दर्ता नं. | नाम |
|---|---|---|---|
| १ | OH6 | 6 | अजय नाँउ |
| २ | OH22 | 24 | राकेश यादव |
| ३ | OH3 | 3 | पवित्रा थापा |
| वैकल्पिक उम्मेदवार | | | |
| क्र.सं. | रोल नम्बर | दर्ता नं. | नाम |
| १ | OH48 | 50 | सुजता भट्टराई |
| २ | OH1 | 1 | ममता थापा |
| ३ | OH63 | 65 | नैनसिंह खड्का |

संयोजक (पदपूर्ति समिति)


# जनपक्षीय संयुक्त संयन्त्रमा पोखरेल

देवदह । जनपक्षीय संयुक्त संयन्त्र देवदहको अधिवेशन सम्पन्न भएको छ। सोमबार खैरेनीस्थित होटल हेरिटेजमा सम्पन्न संयन्त्रको दोस्रो भेला तथा प्रथम अधिवेशनबाट टंक पोखरेल अध्यक्ष चयन भएका हुन् ।

यस अघि संयोजकको रूपमा काम गर्दै आएका पोखरेललाई नै अधिवेशनले आगामी कार्यकालको अध्यक्ष चयन गरेको संयन्त्रले जनाएको छ ।

२०७९ सालको दोस्रो स्थानीय तह निर्वाचनपछि छायाँ सरकारको भूमिका निर्वाह गर्ने उद्घोषसहित गठन गरिएको संयन्त्रमा नेपाली कांग्रेस र नेकपा एमालेबाहेकका दलहरू सहभागी छन् । तत्कालिन अवस्थामा संयन्त्रमा रहेका दलका नेताले हरेक महिना आलोपालो अध्यक्षको भूमिका गर्ने भनिए पनि स्थायित्व र थप जिम्मेवार बनेर काम गर्ने भन्दै अधिवेशनले एक-एक वर्षमा नेतृत्व हेरफेर गर्नेगरि नयाँ नेतृत्व चयन गरेको हो ।

सचिवालयसहित १९ सदस्यीय कार्यसमिति चयन गरेको संयन्त्रको सचिवमा दिपक न्यौपाने र कोषाध्यक्षमा डम्बरबहादुर थापा चुनिएका छन् । जसको सचिवालयमा नेकपा माओवादी केन्द्रका गोविन्द ठटराई, राष्ट्रिय स्वतन्त्र पार्टीका रुकात्मक भारती, एकीकृत समाजवादीका डिल्लीराम सापकोटा, राष्ट्रिय जनमोर्चाका धनु पाण्डे, विप्लव नेतृत्वको नेकपाका मुक्ति सी र क्रान्तिकारी माओवादीमा भिमलाल काफ्ले रहेका छन् ।

संयन्त्रका नवनिर्वाचित सचिव दिपक न्यौपानेले ५५ जनाको उपस्थितिमा भएको अधिवेशनले देवदहमा प्रतिपक्षको भूमिका निर्वाह गर्ने, र बेथिति तथा भ्रष्टाचारको विरुद्ध संघर्ष गर्नेलगायतका कार्यक्रम अघि सारेको बताए । संयन्त्रले नारायण शर्मा लुइँटेलको संयोजकत्वमा योजना तथा विकास निर्माण विभाग, भिमलाल काफ्लेको संयोजकत्वमा नदी तथा वन विभाग, चोडाप्रसाद चापागाईंको संयोजकत्वमा भूमि तथा सुकुम्बासी विभाग, दिनानाथ सापकोटाको संयोजकत्वमा शिक्षा तथा स्वास्थ्य विभाग र सालिकराम तिवारीको संयोजकत्वमा कृषि तथा परियोजना विभाग बनाएको जनाएको छ ।


## Chandrakot Rural Municipality
## Office of the Rural Municipal Executive
**Shantipur, Gulmi**

## Invitation for Bids for Procurement of works for office of Chandrakot Rural Municipality

First Date of Publication: 04-09-2024 (2081-05-19)

1. Chandrakot Rural Muncipality has allocated funds towards the cost of Procurement of works and intends to apply part of the funds to cover eligible payments under the folowing Contracts.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Chandrakot Rural Municipality, Shantipur, Gulmi (Phone No. 9857067920) or may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder shall download the bidding documentsfrom www.bolpatra.gov.np &should deposit the non refundable bid document fee as mentioned below in the Rajaswa Khata as specified below and the scanned copy of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

*Name of the Bank: Nepal Bank Limited, Shantipur, Gulmi*
*Name of Office: Chandrakot Rural Muncipality, Shantipur, Gulmi*
*Office Account no.: 23503000003000000001 (Dharauti Khata)*
*Office Account no.: 23503000001001000001 (Rajashwa Khata)*
*Office Code : 801055206*

| S.N. | Contract ID | Description of Works | Estimated Amount without VAT and PS (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Document Fee Fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|
| | CRM-GUL-NCB-W-01-081/82 | Construction Work of Daudarekhola Olibang Phat Sinchai Yojana. | 42,65,915/- | 125,000/- | 3000/- | |
| | CRM-GUL-NCB-W-02-081/82 | Road Upgrading Work of Majuwa Pipalpata Kisikot Bhanjyang Road. | 42,68,603/- | 125,000/- | 3000/- | |

Chief Adminstrative Officer



## प्रमूख कार्यकारी अधिकृतको आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति :२०८१/०५/१९ गते)

नेपाल राष्ट्र बैंकवाट "घ" वर्गको इजाजत पत्र प्रात राष्ट्रियस्तरको उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्रमुख कार्यकारी अधिकृत आवश्यक भएकोले देहायको योग्यता पुगेका परिणाम मुखी इच्छुक योग्य नेपाली नागरिकबाट निवेदनका साथ हालसालै खिचेको पासपोर्ट साईजको फोटो, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, अनुभव तथा तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि तथा बायोडाटा (CV) समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ठेगानामा कार्यालय समयभित्र आइपुग्ने गरी दरखास्त आह्वान गरिन्छ।

| विज्ञापन नं | पद | श्रेणी | उमेको हद | योग्यता |
|---|---|---|---|---|
| १/२०८१/०८२ | प्रमुख कार्यकारी अधिकृत (CEO) | कार्यकारिणी | ३५ वर्ष पूरा भई ५५ वर्ष ननाघेको। | मान्यता प्राप्त शैक्षिक संस्थावाट व्यवस्थापन, बैंकिङ वित्तीय, मौद्रिक,अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्यांकशास्त्र, लेखा, गणित, व्यापार प्रशासन वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको वा चाटर्ड एकाउन्टेन्सी वा व्यवस्थापन, बैंकिङ, वित्तीय, मौद्रिक,अर्थशास्त्र, वाणिज्यशास्त्र, तथ्याङ्कशास्त्र, लेखाशास्त्र, गणित, व्यापार प्रशासन वा कानून विषयमा स्नातक उपाधि हासिल गरी बैंक तथा वित्तीय क्षेत्र, सरकारी निकाय, संगठित संस्था, विश्वविद्यालय वा त्यस्तो कार्य गर्ने अन्तर्राष्ट्रिय संघ वा संस्थाको व्यवस्थापकीय तह र सोभन्दा माथिको पदमा गरी कम्तीमा ७ वर्षको कार्य अनुभव भएको। |

१. छनौटको किसिमःअन्तर्वार्ता, ५ वर्षको व्यवसायिक योजना तथा प्रस्तूतिकरण। २. तलवभत्ताः आपसी समझदारीमा तय गरिने छ।
३. आवेदन दिने ठेगाना :सिद्धार्थनगर नगरपालिका –१२, रुपन्देही तथा इमेल ठेगानाःvacancyunnatimfi2076@gmail.com मा समेत पेश गर्न गर्न सकिनेछ।
४. परीक्षा दस्तूर : रु. ५०००। यस उन्नति सहकार्य लघूवित्त वित्तीय संस्था लिमिटेडको नाममा रहेको सांग्रिला डेभलपमेन्ट बैंक लि. भैरहवाको खाता नं. ०९४००९००३०५३९५०००००२मा रकम जम्मा गरी, भौचर आवेदन साथ पठाउनू पर्ने छ।
नोटः रितपुर्वक प्राप्त दरखास्तहरु मध्यबाट छोटो सुचीमा परेका उम्मेदवारलाई मात्र ब्यवसायिक योजना र कार्ययोजना प्रस्तूतिकरण तथा अन्तर्वार्ताका लागि सम्पर्क गरिनेछ। अन्तर्वार्तामा आउँदा सम्बन्धित कागजातहरुको सक्कल प्रमाण पत्रहरु साथ ल्याउनू पर्नेछ। कर्मचारी छनौट प्रकृया स्थगन वा रद्ध गर्ने, लगायत कर्मचारी छनौट सम्वन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार यस वित्तीय संस्थामानिहित रहनेछ।

**उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड**
**Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited**
सिद्धार्थनगर नगरपालिका –१२, रूपन्देही



## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको एलआइ सी नेपाल लि.को बिमालेख यही मिति २०८१।०४। १२ गते भुमहीदेखि बुटवल जाँदै गर्दा बाटोमा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नाम** : मञ्जु जि.सी.
**ठेगाना** : सुनवल–१२, हरकट्टा
**बिमालेख नं.** : १५००२०७९६
**सम्पर्क** : ९८४७०५३३३५



## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको एलआइ सी नेपाल लि.को बिमालेख यही मिति २०८१।०४। १२ गते भुमही देखि बुटवल जाँदै गर्दा बाटोमा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नाम** : इसान्भी पोखरेल
**ठेगाना** : सुनवल–१२, भुमही
**बिमालेख नं.** : १५००४६०२०
**सम्पर्क** : ९८५७०८०५८४



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# रामग्राम स्तुप क्षेत्रमा काम अगाडि बढाउने निर्णय



**गौरीशंकर जयसवाल**

*परासी*

रामग्राम विकास कोषको पूर्णतासँगै बसेको विस्तारित बैठकले रामग्राम स्तुपा क्षेत्र र कोलीय गणराज्यको राजधानी क्षेत्रमा काम गर्नका लागि पुरातत्व विभाग समन्वय गरी काम गर्ने निर्णय गरेको छ । अस्तव्यस्त अवस्थामा रहेका यि दुबै धार्मिक, ऐतिहासिक, पुरातात्विक क्षेत्रका कहाँ के कस्तो गर्न मुनासिब देखिन्छ । आवश्यक मार्गनिर्देशन प्राप्तीका लागि पहल गर्ने निर्णय गरेको हो ।

बैठकले प्रमुख दुई वटा निर्णय गरेको छ, जसमा पहिलो निर्णय रामग्राम स्तुप क्षेत्रमा पुरातात्विक बस्तु संरक्षण गरी विकास गर्न हेरिटेज इम्पेक्ट असेस्मेन्ट(एआइए) गर्न पुरातत्व विभागमा पत्रसाथ अनुरोध गर्ने र दोश्रो रामग्राम स्तुपसँग सम्बन्धित क्षेत्रको संरक्षण गर्न रामग्राम नगरपालिकाले सिमाँना छुट्टयाइ तारबार गर्ने कार्य अगाडि बढाउने रहेको छ । त्यसैगरी रामग्राम स्तुपा क्षेत्रमा रामग्राम विकास कोषको कार्यालय सञ्चालन गर्ने, प्रवेशद्धार व्यवस्थित गर्ने, स्तुपा क्षेत्रमा भइरहेका विकृतिहरु हटाउनका लागि सम्बन्धित सबै सरोकारावालालाई जानकारी गराउने निर्णय गरिएको कोषका अध्यक्ष समेत रहेका नगरप्रमुख धनपत यादवले जानकारी दिए ।

लामो समयदेखि ओझेल परेको रामग्राम स्तुपा क्षेत्र र बुद्धसँग सम्बन्धित बौद्ध स्थलहरुको पहिचान, संरक्षण, विकास र जनजागरणलगायतका कार्यहरु गर्दै लैजान कार्ययोजना बनाइ काम गर्ने बैठकको निष्कर्ष रहेको थियो । 'जसमा पहिलो कार्य विश्वसम्पदा सूचीको प्रकृयामा रहेको रामग्राम स्तुपा क्षेत्रमा काम गर्नका लागि युनेस्को र पुरातत्व विभागसँग मार्गनिर्देश आवश्यक पर्छ,' उनले भने-'पहिलो बैठकबाट सबै क्षेत्रसँग समन्वयकारी काम गर्दै अगाडि बढिने छ । संघीयताको मर्मअनुसार नै अब रामग्राम नगरपालिकाले सरकारको हैसियतले काम अगाडि बढाएको र स्थानिय नगर सरकारले नै अग्रसरता लिइ रामग्राम विकास कोष ऐन २०८० पास गरी कानुनसम्म तरिकाले आम अगाडि बढाएको छ ।'

पहिलो बैठक नै उत्साह पूर्वक निर्णय गरेको र काम गर्ने तत्परता देखाएको हुँदा छिट्टै रामग्राम स्तुपा र अन्य बौद्ध स्थलमा काम गरिएको देखिने बताउँदै यसका लागि नगरवासीको उत्तिकै साथ आवश्यक रहेको उनले जनाए । विभिन्न समयमा स्तुपा क्षेत्रको विकासका लागि पहल नभएको होइनु, तर त्यसलाई निरन्तर फ्लो गर्ने कुनै स्थानीयस्तरको निकाय थिएनु, दातृनिकायहरु लगानी गर्न उत्सुक छन्, तर निरन्तर उनीसँग सम्पर्क सुत्र जोडिराख्ने विभाग थिएन् । अहिले नगरपालिकाले कोषको कार्यसञ्चालनका लागि अरबन्दि चौधरीलाई कर्मचारीको रुपमा तोकेको छ । नगरपालिकामा पर्यटन शाखा पनि तोकेको छ, सँगै विकास समिति समेत बनेपछि काम अगाडि बढ्नेमा उनले विश्वास व्यक्त गरेका थिए ।

उक्त विस्तारित बैठकमा उपपमुख सम्झाना चौधरी, लुम्बिनी विकास कोषको कोषाध्यक्ष सिद्धिचरण भट्टराई, कोषको पुरातत्व महाशाखाका पुरात्व अधिकृत हिमाल उप्रेती, लुम्बिनी विकास कोषकै अधिकृत दामोदर अधिकारी र देवदह क्षेत्र हेर्ने नवराज अधिकारीसहितको उपस्थिति रहेको थियो । रामग्राम विकास कोषले लिएको लक्ष्य पूरा गर्न लुम्बिनी विकास कोषले सदैव सहयोग र सहकार्य गर्न तयार रहेको बताउँदै भट्टराईले रामग्राम नगरपालिकाले संघीयताको मर्मअनुसार नै काम गर्न तत्परता देखाउँदै कानुनी रुपमा नै रामग्राम विकास कोष जस्तो संरचना खडा गरी काम गर्ने जनाए । विगत डेढ दशकदेखि स्थानीय संघसस्थाले माग गरेअनुसार रामग्राम विकास समिति(कोष)ले पूर्णता दिएको थियो, जसमा रामग्राम नगरपालिकाले पदेन सदस्य बाहेक अन्य चार जना सदस्यलाई मनोनय गरी आइतबार पूर्णता प्रदान गरेको थियो ।

ति चार जना सदस्यमा समाजसेवी कैलाश ठाकुर, पुरातत्वका जानकार नारद यादव, विपश्यना साधक रामप्रसाद पाण्डे र बौद्धशिक्षा तथा पर्यटन पत्रकार बेचु गौडलाई मनोनय गरिएको थियो । चालु आर्थिक वर्षमा रामग्राम क्षेत्रमा केही अतिआवश्यक काम गर्नका लागि ४० लाख बजेट विनियोजन समेत गरिएको उनले जानकारी गराएका थिए । अन्य श्रोतका लागि लुम्बिनी विकास कोष, लुम्बिनी प्रदेश सरकारको पर्यटन मन्त्रालय र संघीय सरकारसँग पनि समन्वय गरी काम गर्नुका साथै प्रकृया पुऱ्याइ विदेशी दातृनिकायसँग पनि लागनी भित्र्याउने योजनाबारे पनि छलफल गरिएको थियो । त्यसका लागि पनि रामग्राम विकास कोषले पहल गर्ने गरी सहमति जुटेको छ ।

'सन १८९६ मा लुम्बिनी पत्ता लाग्यो र त्यसका लागि तत्कालिन सरकारले लुम्बिनी विकास कोष संस्था गठन गरी काम गर्न थालेपछि अहिले त्यहाँ विकास देखिन थालेको छ,' नगरप्रमुख यादवले भने-'तर त्यसको लगत्तै २ वर्ष पछि डा.डब्लु होयले सन १८९८ मा रामग्राम स्तुपको पत्ता लगाए । यसका लागि कुनै सरकारी संस्था गठन भइ काम गर्न सकेन्, लुम्बिनी विकास कोषको जिम्मेवारीमा राख्दा सो कोषले जहिले पनि उपेक्षा गर्यो, रामग्राम स्तुपा ओझेलमा पर्यो ।' अब त्यो अवस्थाको अन्त्य हुने र संघ, प्रदेशका कानुन, युनेस्कोको मान्यता अनुरुप नै नगरपालिकाले नबाझिने गरी काम गर्ने उनको भनाइ छ ।

भगवान बुद्धको महापरिनिर्वाणपश्चात् उनको अस्तुलाई आफ्नो भागमा पाउने मावलीतर्फका कोलीय राजाहरुले ल्याएर रामग्राम स्तुपको रुपमा स्थापना गरेका थिए । जुन अध्यात्मिक, पुरातात्विक, ऐतिहासिक र धार्मिक स्थल रामग्राम स्तुपाको रुपमा सुरक्षित रहेको छ । आठ भागमा रहेको भगवान गौतमबुद्धको अष्टधातु तत्कालिन मगध सम्राट अशोकले उत्खनन् गराई विभिन्न चौरासी हजार स्थानमा वितरण गर्ने क्रममा रामग्राम स्तुपाको अष्तु खन्न आउने क्रममा नागबँशीहरुको आग्रहमा रामग्राम स्तुपा उत्खनन् नगरि फर्केका थिए । त्यो भएर पनि यो रामग्राम स्तुपा संसारको एक मात्र प्राकृतिक अवस्थाको स्तुप रहेको छ । त्यसैगरी स्तुप बाहेक पनि कोलीय राजाहरुको राजधानी कोलनगर(पण्डितपुर), पुरतात्विक क्षेत्र ननई स्थित यशोधरा उद्यानक्षेत्र र संघाग्रामको रुपमा देवगाव क्षेत्रको पुरातात्विक क्षेत्रलाई समेत यस कोषले समेटेर काम गर्नेछ ।

# पहुँचको आधारमा योजना पर्दैनन् : मुख्यमन्त्री



बर्दिया । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले योजना माग्नकै लागि मन्त्रालय धाउन नपर्ने बताएका छन् । उनले योजना छनोट प्रक्रियामार्फत् अघि बढेका योजनालाई सरकारले कार्यान्वयन गर्ने भएकाले योजनाहरुको प्राथमिकता निर्धारण गर्न र विषयगत कार्यालयमार्फत् अघि बढ्न निर्देशन दिएका छन् ।

नेकपा (एमाले) बाँके जिल्ला कमिटीको आयोजनामा बर्दियामा सुरु भएको पार्टी प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै उनले सरकारले बजेट रकमान्तरण नगर्ने भन्दै छुटेका योजनाहरुलाई अर्को वर्ष सम्बोधन गरिने बताए । 'योजना माग्नको लागि मन्त्रालय धाउन पर्दैन ।

तल्लो निकायबाट हुने योजना छनोटको प्रक्रियालाई फलो गरेर अघि बढेका योजना समावेश गरिन्छ,' उनले भने-'पहुँचको आधारमा हुने योजना छनोटको विधिलाई निरुत्साहित गर्न खोजेका छौं । आवश्यकताका आधारमा प्रक्रियागत रुपमा अघि बढेका योजनालाइ छान्छौं ।'

लुम्बिनी प्रदेश सरकारले बनाउने आवधिक योजना र योजना बैंकमा समावेश योजनाहरुलाई वार्षिक योजनाको रुपमा छान्ने प्रक्रियाको थालनी गर्ने उनको भनाइ छ । 'पहुँचको भरमा योजना छान्ने तर, कार्यान्वयन गर्न खोज्दा नहुने, ठाउँ फेला नपर्ने, विवाद हुने, स्वार्थ बाझिने जस्ता समस्याहरु सुनिन्छन्,' उनले भने-'अब सरकारले आवधिक योजना र योजना बैंकमा रहेका योजनालाई वार्षिक योजनाको रुपमा अघि बढाउँछ ।'

समृद्धि, विकास र सुशासनमा पार्टी पंक्तिको दायित्वको बारेमा प्रशिक्षण दिएका मुख्यमन्त्री आचार्यले सरकार गठन भएदेखि अहिलेसम्मका उपलब्धिको चर्चा समेत गरेका छन् । सरकारले गरेका राम्रा काम र अभ्यासहरुको खुलेर प्रचारप्रसार गर्न पार्टी पंक्तिलाई उनले निर्देशन समेत दिए । चुनावअघि र पछिको समयमा जनप्रतिनिधि, पार्टीबीचको सम्बन्धको बारेमा उनले चर्चा गरे ।

लुम्बिनी प्रदेश सरकारले सुशासन, पारदर्शीता, जवाफदेहीताका साथै नागरिकको विश्वास जित्ने गरी काम थालेको उनले स्पष्ट पारे ।

पूर्व विशिष्ट व्यक्तिहरुले पाउँदै आएको सुविधाहरु खारेज गर्ने, मुख्यमन्त्री र मन्त्रीहरुलाई आचारसंहिताको दायराभित्र राख्ने, पाँच लाखभन्दा माथिका योजनालाई प्रतिष्पर्धाको माध्यमबाट कार्यान्वयनमा लैजाने विषय सुशासनसँग जोडिएको भन्दै नागरिकहरुको विश्वास जित्ने गरी प्रदेश सरकारले काम अघि बढाएको उनले बताए । प्रदेश सरकार गठन भएको छोटो अवधीमा नै उपलब्धिहरु देखिएको, तर यसको प्रचारप्रसार हुन नसक्दा नागरिकहरुमा निराशा बढेको जस्तो देखिएको टिप्पणी गरे ।

योजनाबद्ध विकासका माध्यमबाट लुम्बिनी प्रदेशमा कृषि, पर्यटन र उद्योग क्षेत्रमा सुधार हुँदै बताउँदै उनले महिला सहभागीता र सशक्तिकरण, सामाजिक समावेशीकरण, मानव संसाधन विकासलगायतका क्षेत्रमा सकारात्मक उपलब्धि हासिल भएको उल्लेख गरे ।

# लिट्मस केबल्सको चाडपर्व योजना सार्वजनिक




बुटवल । लिट्मस केबल्सले नजिकिँदै आइरहेका चाडपर्वको अवसरमा आफ्ना उपभोक्ताहरूलाई लक्षित गरी 'वाइरिङ दमदार, घर शानदार' योजना ल्याएको छ ।

यो योजनाअन्तर्गत, ५ भाग्यशाली विजेताहरूले हरेक हप्ता एयरपड्स, ड्रिल मेशीन, राइस कुकर, ब्याग प्याक, र इलेक्ट्रिक केटल जस्ता आकर्षक उपहार जित्ने मौका पाउने कम्पनीले जनाएको छ ।

लक्की ड्रमा सहभागी हुन ग्राहकले न्यूनतम रु. ३५ हजार बराबरको लिट्मस केबल खरिद गरी त्यसको भ्याट बिल (अनिवार्य) सहित लिटमस केबलले वायरिङ गरेको घरको फोटो, ग्राहकको नाम, ठेगाना र मोबाइल नम्बर उल्लेख गरी ९७०४५१८४६७ मा ह्वाटसअप गरी पठाउनु पर्ने कम्पनीले जनाएको छ ।

यसका साथै, बम्पर लक्की ड्रमार्फत् सहभागीहरुले टीभी, वासिङ्ग मेसिन, रेफ्रिजिरेटर वा मोबाइल फोनजस्ता आकर्षक उपहार पनि जित्न सक्ने छन् ।

यो योजना भदौं १५ देखि असोज ३० सम्म लागू हुने कम्पनीले जनाएको छ ।

लिट्मस इण्डस्ट्रिज लिमिटेड, रमेश कर्पअन्तर्गत संस्था, र नेपालको अग्रणी केबल निर्माता हो । बुटवल औद्योगिक क्षेत्रमा मुख्य उद्योग रहेको यसले २०३५ सालदेखि देशलाई उज्यालो र औद्योगिक विकासलाई टेवा दिँदै आएको छ । सन् २०१४ देखि लिट्मस इन्डष्ट्रिज लिमिटेडले नेपालमा अत्याधुनिक जर्मन प्रविधि प्रयोग गरी तार तथा केबलको निर्माण गर्दै आएको कम्पनीका सञ्चालक सरोज मिश्रले बताए । लिट्मसले आफ्नो आधुनिक व्यवस्थापन र गुणस्तरप्रति समर्पणका साथ आगामी धेरै वर्षसम्म नेपाललाई उज्यालो बनाउने लक्ष्य राखेको छ ।

# मुलुक नयाँ कोर्षमा : मन्त्री ढकाल



भैरहवा । लुम्बिनी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले मुलुकलाई स्थायित्व दिने गरी अघि बढेको बताएका छन् । उनले मुलुक नयाँ कोर्षमा अगाडि बढेको दाबी गरे ।

रुपन्देहीको भैरहवामा मंगलबार भएको नेपाल कम्युनिष्ट पार्टी (एमाले) सिद्धार्थनगर नगर कमिटीको पूर्ण बैठकमा बोल्दै मन्त्री ढकालले यस्तो बताएका हुन् । उनले अहिले नेपाली कांग्रेससँगै सरकारमा भए पनि भोलीको मुख्य प्रतिष्पर्धी पनि कांग्रेस नै भएको बताए । मुलुकलाई स्थायित्व दिन कांग्रेससँग मिलेर सरकार सञ्चालन गरिरहेको उनको भनाइ छ । उनले बाम एकताको नाममा राजनीतिक अस्थिरतातर्फ धकेल्न नहुने बताए । नेकपा (एमाले) का केन्द्रीय सदस्य समेत रहेका नेता ढकालले मुलुकमा तमाम समस्या रहेको र समस्या समाधानमा एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकार केन्द्रित भएको बताए ।

उनले आफ्नो परिभाषित काममा आधारित भएर अघि बढ्न नेता-कार्यकर्ताहरुलाई अघि बढ्न आग्रह गरे । मन्त्री ढकालले मिसन-२०८४ धेरै लामो समीक्षा र इतिहासको मूल्यांकनपछि आएको साझा निष्कर्ष भएको बताए । त्यस्तै एमाले केन्द्रीय निर्वाचन आयोग सदस्य भरतकुमार पोखरेलले वडा अधिवेशनलाई राम्रोसँग सम्पन्न गर्न आग्रह गरे ।

पार्टीको लुम्बिनी प्रदेश कमिटी सदस्य तथा सिद्धार्थनगर नगरपालिकाका पूर्व प्रमुख (मेयर) हरिप्रसाद अधिकारीले अधिवेशन पार्टीको नेता-कार्यकर्ताहरुका लागि महायज्ञ जस्तै भएको बताए ।

एमाले रुपन्देही जिल्ला अध्यक्ष यज्ञ गैरेले सबैलाई आफ्नो जिम्मेवारी कुशलतापूवर्क निर्वाह गर्न आग्रह गरे ।

पार्टीको रुपन्देही जिल्ला उपाध्यक्ष हितराज पन्थीले वडा अधिवेशनलाई ऐतिहासिक बनाउन र पार्टी निर्माणको काममा ध्यान दिन आग्रह गरे ।

एमाले रुपन्देही क्षेत्र नम्बर ३ का संयोजक नरबहादुर घर्तीले पार्टीलाई अझैं मजबुत बनाउनुपर्नेमा जोड दिए ।

एमाले सिद्धार्थनगर कमिटीका अध्यक्ष चक्रबहादुर थापाको अध्यक्षता, उपाध्यक्ष अर्जुनकुमार गिरीको स्वागत तथा उपसचिव कुमार गुरुङको सञ्चालनमा बैठक सम्पन्न भएको छ । बैठकमा एमाले जिल्ला अध्यक्ष गैरे, उपाध्यक्ष पन्थी र सिद्धार्थनगर नगरपालिकाअन्तर्गत रहेका जिल्ला सदस्यहरुलाई सम्मान गरिएको थियो ।

बैठकले सिद्धार्थनगर नगरपालिकाअन्तर्गत रहेका १३ वटै वडाका वडा अधिवेशन यही भदौ ३१ गतेसम्म सम्पन्न गर्ने निर्णय गरेको एमाले सिद्धार्थनगरका अध्यक्ष चक्रबहादुर थापाले बताए । वडा अधिवेशन सम्पन्न भएलगत्तै नगर अधिवेशनको तयारी सुरु हुने थापाले जानकारी दिए ।

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोनः- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि) यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्बेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com